हरिपुर्वा नगरपालिका

# स्थानीय राजपत्र

हरिपुर्वा नगरपालिकाद्वारा प्रकाशित

खण्ड : १, संख्या : १, मिति : २०८१/०३/३०

## भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हरिपूर्वा नगरपालिकाको नगर सभाले पारित गरेको ऐन सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

वि.सं. २०८१ सालको ऐन नं. १

# हरिपुर्वा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्न) बनेको ऐन, २०८१

सभाबाट पारित मिति :२०८१/०३/१९

प्रमाणीकरण मिति : २०८१/०३/३०

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हरिपुर्वा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्तनाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम "हरिपुर्वा नगरपालिका प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन हरिपुर्वा नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले हरिपुर्वा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन , २०८१ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले हरिपुर्वा नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले हरिपुर्वा नगरपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिम गठन भएको हरिपुर्वा नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त हरिपुर्वा नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही हरिपुर्वा नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

५. **खारेजी र बचाउ :** (१) "हरिपुर्वा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित-गर्ने) ऐन, २०७६ खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लेखित ऐन बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
सिकिन्द्र प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत

सिकिन्द्र प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

रु. १०/-